

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ११ गते शुक्रबार ❑ 23 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## दादुरा तथा रुबेला खोप आइतबारदेखि लगाइने

पोखरापत्र संवाददाता

पोखरा, १० फागुन

गण्डकी प्रदेशका हिमाल पारीका जिल्ला मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लामा आउँदो आइतबारदेखि दादुरा तथा रुबेला खोप अभियान सञ्चालन हुने भएको छ।

मनाङ र मुस्ताङमा फागुनको अन्तिम सातादेखि चैतको पहिलो सातासम्म उक्त खोप अभियान संचालन हुने भएको हो भने अन्य जिल्लामा फागुन १३ अर्थात आइतबार देखि लगाइने भएको विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। दादुरा तथा रुबेला खोप अभियान अर्न्तगत गण्डकी प्रदेशका २ लाख ५३ हजार ३५ जना बालबालिकाहरुलाई खोप लगाउने तयारी गरिएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलले बताए। उक्त अभियान सफल पार्न प्रदेशमा २ हजार ८ सय ८९ वटा खोप सेसन हुने भएको छ भने २ हजार ८ सय ८९ जना स्वास्थ्यकर्मी खटिने भएको निर्देशनायलका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक पौडेलले जनाए।

उक्त अभियानलाई सफल पार्न ५ हजार ७ सय ७८ स्वयं सेवक परिचालित हुने भएका छन् । समुदायमा रहेका लक्षित समूहको कुनै पनि बालबालिकाहरु यो खोप बाट वञ्चित नहुन् भनी बढी सजगता अपनाइएको निर्देशनालयले जनाएको छ । गण्डकी प्रदेशका ९ जिल्लामा यही फागुन १३ (आइतबार) देखि दादुरा तथा रुबेला खोप अभियान सञ्चालन हुने भएको छ। गण्डकी प्रदेशमा १० जिल्लाहरुमा दादुरा रुबेला खोप अभियानमा ९ महिना पुरा गरेका र ५ वर्ष भित्र उमेर समूहका सबै बालबालिकाहरुलाई दादुरा रुबेलाको खोप र नियमित खोप लगाउन छुट भएका ५ वर्ष मुनिका बालबालिकाहरुलाई छुट खोपको मात्रा समेत प्रदान गर्ने व्यवस्था मिलाईएको उनले जनाए । नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लामा यस अभियानमा ९ महिना देखि १५ वर्ष मुनिका बालबालिकाहरुलाई यो खोप प्रदान गर्ने कार्यक्रम रहेको निर्देशनायलका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक पौडेलले उल्लेख गरे। खुल्ला सिमानामा पर्ने क्षेत्र भएकोले भारतबाट धेरै मानिसहरुको आवातजावात हुने, बढी जनङ्ख्या भएको र उक्त रोगको जोखिम बढी भएकोले १५ बर्षसम्मका किशोरहरुलाई सो खोप लगाउने भएको निर्देशनालयले जनाएको छ।




विगत ४५ वर्ष देखि दादुराको खोप र बिगत १२ वर्ष देखि रुबेला समेत संयुक्त रुपमा दादुरा रुबेलाको खोप नेपाल भित्रका १६ हजार भन्दा बढी खोप केन्द्रबाट दिदै आइएको छ र सन २००४ देखि हाल सम्म हरेक ४/४ वर्षमा अभियानको रुपमा पनि यो खोप लगाइदै आईरहेको छ। कहिलेकाही नेपालमा दादुराको महामारी फैलिने गरेकोले, यस प्रकारको खोप अभियान अझै बढी प्रभावकारी ढंगले गर्नुपर्ने टड्कारो आवश्यकता रहेको विज्ञहरु बताउछन् । यस वर्षमा समेत नेपालका कुल १८ जिल्लाहरुमा २० बटा महामारी फैलिई करिब १ हजार ३ सय जना उक्त रोगबाट प्रभावित हुन पुगेका छन् । गण्डकी प्रदेश समेत यस महामारीबाट अछुतो रहन सकेन (हालै मात्र तनहुँको शुक्लागण्डकी नगरपालिकामा दादुरा रुबेलाको महामारी देखा परेको थियो । खोप अभियान फागुन १३ गतेदेखि चैत ७ गते २५ दिनसम्म सञ्चालन हुनेछ । उहाँका अनुसार भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाको अतिसङ्क्रमित २१ र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका सबै बालबालिकालाई खोप लगाइने छ। उक्त खोप लगाउदा बालबालिकाहरुको लागि खासै असर नपर्ने भएकोले हरेक स्थानिय तहमा हरेक घरमा रहेका बालबालिकाहरुलाई अनिवार्य खोपको पहुचमा पुर्‍याउन विश्व स्वास्थएय संगठनका डा.रामु सुवेदीले बताए । यस अघि कोभिड १९ का वेलामा पनि गण्डकी प्रदेशमा ८४ प्रतिशत यस खोप कार्यक्रम सफल भएको निर्देशनालयका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले बताए । दादुरा-रुवेला भएका बेला ज्वरो तथा शरीरमा राता बिबिरा आउने, रुघाखोकी लाग्ने, आँखा पाक्ने, समयमा उपचार नगरेर आँखा नदेख्ने समस्याका साथै कान पाक्ने, कान नसुन्ने, निमोनिया भएर श्वासप्रश्वासमा समस्या हुने चिकित्सकहरुले बताउदै आएका छन् । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०२६ सम्म नेपालबाट दादुरा रुबेला रोग निवारण गर्ने लक्ष्य राखेको छ। यो लक्ष्य हासिल गर्न हाल विश्व स्वास्थ्य संगठनको दक्षिण पूर्वी एसियाको क्षेत्रीय बैठकमा ११ मुलुकका सरकारहरुको तर्फबाट प्रतिनिधित्व गर्दै नेपाल सरकारले पनि प्रसमा प्रतिबद्धता गरेको छ।

## राष्ट्रपतिद्वारा पञ्चकोटमा 'मुक्तिनाथ महाघण्टानाद' गरी उद्घाटन

पोखरापत्र संवाददाता

बागलुङ, १० फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा स्थापना गरिएको पाँच हजार ५५५ किलोको मुक्तिनाथ महाघण्टको घण्टानाद गरी उद्घाटन गर्नुभएको छ । बिहीबारयहाँ आउनुभएका राष्ट्रपति पौडेलले करिब रु दुई करोड लागतमा निर्माण भएको महाघण्टको उद्घाटन गर्नुभएको हो।

पञ्चकोटधामका परिकल्पनाकार एवं संस्थापक मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको सङ्कल्पमा बागलुङ नगरपालिका-५ स्थित पञ्चकोटलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न यो महाघण्ट स्थापना गरिएको थियो। पञ्चकोटमा बुधबारदेखि अनन्तश्री ब्रह्माण्डीय महायज्ञ सुरु भएको छ। फागुन ९ देखि सुरु भएको महायज्ञमा पनि राष्ट्रपति पौडेल सहभागी हुनुभएको छ। करिब आधाघण्टा पञ्चकोटमा रहनुभएका पौडेलले यहाँ बन्दै गरेको १०८ फिट गण्डकी कलशकोसमेत अवलोकन गर्नुभएको थियो । दश वर्षअघि स्थापना भएको पञ्चकोटमा निर्माण भएका धार्मिक संरचनाका साथै निर्माणाधीन सो कलसका बारेमा स्वामी कमलनयनाचार्यले राष्ट्रपति पौडेललाई जानकारी गराउनुभएको थियो।



मुक्तिनाथ महाघण्ट पञ्चधातु सुन, चाँदी, तामा, पित्तल र फलाम मिसाएर बनाइएकाले यो घण्टीलाई 'महाघण्ट' भनिएको हो। महाघण्ट बनाउन आठ वर्ष लागेको जानकारी पनि स्वामी कमलनयनाचार्यले बताउनुभयो। जलसम्पदाको संरक्षण गर्न सो कलश तथा विश्वमा शान्तिको सन्देश फैलाउन सो महाघण्टको स्थापना गरिएको उहाँले जानकारी दिनुभएको हो । महाघण्टलाई दुई साता अगाडि पञ्चकोटमा ल्याइए पनि आजमात्रै विधिपूर्वक स्थापना गरिएको उहाँ बताउनुहुन्छ । विसं २०७२ देखि पञ्चकोटमा धार्मिक संरचना बनाउन सुरु गरिएको थियो । पञ्चकोटमा अहिलेसम्म सिसमहल, गण्डकीमाताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत दर्जनौं धार्मिक संरचना बनिसकेका छन्। विभिन्न दाताको सहयोग, महायज्ञबाट सङ्कलन भएको रकम र सरकारबाट भएको करोडौंको लगानीले अहिले पञ्चकोट देशव्यापीरूपमा चर्चित बनेको छ। पञ्चकोटमा निर्माण गर्न लागिएको एक सय आठ फिट अग्लो गण्डकी विश्वशान्ति कलशको नजिकै महाघण्ट राखिएको छ । महाघण्टबाट निस्किएको ध्वनि साविक धौलागिरिका बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका अधिकांश बस्तीमा सुन्न सकिने दाबी गरिएको छ । महाघण्ट बनाउन करिब रु दुई करोड खर्च लागेको अनुमान गरिएको छ। समुन्द्री सतहदेखि एक हजार सात सय ५० मिटरको उचाइमा रहेको पञ्चकोटमा धार्मिक संरचना निर्माणका लागि आठ वर्षअघि तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गर्नुभएको थियो। पछिल्लो समय मुस्ताङको मुक्तिनाथ, म्याग्दीको गलेश्वरलगायत ठाउँमा पुग्ने धार्मिक पर्यटक यहाँ आउन थालेपछि चहलपहल बढेको पाइन्छ। मंगलबारदेखि सुरु भएको यस महायज्ञमा देशका विभिन्न जिल्ला तथा भारतबाटसमेत साधुसन्त र भक्तजनहरु आइरहेका छन्। स्वामी कमलनयनाचार्यको सङ्कल्पमा नेपालमै पहिलो पटक हुन लागेको यस ब्रह्माण्डीय महायज्ञ यही २३ फागुनसम्म सञ्चालन हुनेछ।

## गण्डकीमा घरेलु मदिरालाई वैध बनाइने

पोखरापत्र संवाददाता

पोखरा, १० फागुन

लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई वैध बनाउन गण्डकी प्रदेश सरकारले कानुन निर्माणको प्रक्रिया थालेको छ। सोसम्बन्धी विधेयकको मस्यौदालाई प्रदेशसभाको आगामी हिउँदे अधिवेशनमा पेस गर्ने प्रदेश सरकारको तयारी छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका प्रवक्ता दिनेशप्रकाश अर्यालले घरेलु मदिराको 'ब्रान्डिङ'का लागि कानुन ल्याउन लागिएको बताउनुभयो । "विधेयक प्रस्तावका लागि आर्थिक मामिला मन्त्रालयले स्वीकृत दिइसकेको छ", उहाँले भन्नुभयो, "कानुन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सैद्धान्तिक सहमति आएपछि मस्यौदाको काम अगाडि बढ्छ।"

मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न कानुनी प्रबन्ध गर्न लागिएको प्रवक्ता अर्यालले बताउनुभयो। सङ्घीय कानुनसँग नबाझिने गरी विधेयक ल्याउन आर्थिक मामिला मन्त्रालयले स्वीकृति प्रदान गरेको उहाँको भनाइ छ। "घरेलु मदिरालाई वैधानिकता दिने विषय प्रदेश सरकारको प्राथमिकतामा छ", प्रवक्ता अर्यालले भन्नुभयो, "उद्योगका रूपमा लैजाने कि र घरघरै बनाउन अनुमति दिने भन्नेमा अझै मतैक्य भने हुनसकेको छैन, मुख्यमन्त्री र मन्त्री सबैतिर खुला गर्ने सोचमा हुनुहुन्छ, कतिपयको उद्योग खोलेर व्यवस्थित गर्नुपर्ने धारणा छ।" परम्परागतरूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने उहाँको भनाइ छ । "गुणस्तर कायम गर्ने र नियमन गर्ने विषय जटिल छ", उहाँले भन्नुभयो, "मदिरासँग सम्बन्धित विषय भएकाले राम्रो सुझबुझसहित सरकारले कानुन बनाउनुपर्ने अवस्था छ।" प्रदेश सरकारले घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणलाई आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पनि समेटेको छ । मुख्यमन्त्रीलगायत विभागीय मन्त्रीले पटकपटक घरेलु मदिरालाई 'ब्राण्डिङ' गरेर कानुनी मान्यता दिने बताउँदै आउनुभएको छ। पछिल्लो समय प्रदेश र स्थानीय तहले घरेलु मदिरालाई वैधानिकता दिनुपर्ने आवाज उठाउँदै आएका छन्।

सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म उत्पादन गर्न पाउने फैसला गरे पनि व्यावसायिक उत्पादन र बिक्री वितरणका लागि घरेलु मदिरा बर्जित छ। मदिरा ऐन, २०३१ ले पनि घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन।

सोही ऐनमा टेकेर प्रहरीले बेलाबेला घरेलु मदिरा नष्ट गर्ने अभियान नै चलाउँछ। जनजाति समुदायको संस्कृतिसँग गाँसिएको र कतिपयको आयआर्जनको माध्यम बनेको घरेलु मदिरा जफत गरेको भन्दै प्रहरीकै आलोचना हुने गर्छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा डा नवराज देवकोटाले बताउनुभयो । विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको उहाँको भनाइ छ।

प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको उपकुलपति प्रा डा देवकोटाले बताउनुभयो। मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएको उहाँको भनाइ छ।

## 'विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा देखापरेका प्रवृत्तिहरू' सम्मेलन

पोखरापत्र संवाददाता

पोखरा, १० फागुन

वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानद्वारा संयुक्त रूपमा आयोजित दुईदिने ' विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा देखापरेका प्रवृत्तिहरू' विषयक सम्मेलन बिहीबारदेखि पोखरामा सुरु भएको छ।

वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसको परिसरमा सुरु भएको उक्र सम्मेलनको उद्घाटन नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपति प्रा डा दिलिप सुब्बाले गर्नुभयो । कार्यक्रममा उपकुलपति सुब्बाले समय सापेक्ष रुपमा नेपालमा पछिल्लो समयमा विज्ञान प्रविधिका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल हुँदै गएको बताउनुभयाो । सम्मेलनमा विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा देखा परेका प्रवृत्ति विषयमा हुने छलफल एवम् अन्तरक्रिया विज्ञान तथा प्रविधि क्षेत्रको अध्ययन अनुसन्धानका लागि महत्वपूर्ण हुने उहाँको भनाइ थियो । सम्मेलनका प्रमुख वक्ता नोबेल पुरस्कार विजेता डा सर रिचर्ड जोन रोबर्ट्सले व्यक्तिले सफल हुनका लागि मेहनत गर्नुपर्ने र उसलाई भाग्यले


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# सातौं विरेन स्मृति १७ औं बिटी कपमा 'लामागाउँ च्याम्पियन'

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन




'हामी एक हौं' भन्ने नारासहित सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा सम्पन्न सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा लामागाउँ गुम्बा एफसी च्याम्पियन बनेको छ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आज (बिहीबार) भएको फाइनल खेलमा एट टु नाइन एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै लामागाउँ च्याम्पियन बनेको हो। लामागाउँलाई उपाधि जिताउन अनुज भण्डारीले निर्णायक गोल गरे। उपाधिसँगै लामागाउँ गुम्बाले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्यो। यस्तै उपविजेता बनेको एट टु नाइन एफसीले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र हात पार्यो।

सो प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीका रुपमा लामागाउँ गुम्बाका सन्तोष गुरुङ घोषित भए। उनलाई सर्वोत्कृष्ट खेलाडीको ट्रफिसहित नगद रु १० हजार प्रदान गरेको क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। गुरुङका अनुसार सोही टिमकै अञ्जन क्षेत्री उत्कृष्ट गोलरक्षक बने। यस्तै सर्वाधिक गोलकर्ताका रुपमा एलसी ब्रदर्शका अजित गुरुङ, उत्कृष्ट मिडफिल्डरका रुपमा एट टु नाइन एफसीका मनिल गुरुङ, उत्कृष्ट मिडफिल्डरका रुपमा सोही टिमकै धुव्र घिमिरे ट्रफि र जनही नगद ८ हजारसहित पुरस्कृत भए।

प्रतियोगिताबाट अनुशासित टिमका रुपमा एन टु क्याफे टुंडिखेलको टिम नगद रु १० हजारसहित ट्रफिद्वारा पुरस्कृत बन्यो। प्रतियोगिताको विजेता तथाउपविजेताटोलीकाखेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे, जिल्ला प्रहरी कार्यालय कास्की प्रमुख एसपी मोहन कुमार थापा, क्लबका सल्लाहकारहरु, क्लबका अध्यक्ष तथा आर्थिक सहयोगीदाताहरुले पुरस्कार वितरण गरेका थिए।

गत १ गतेदेखि सञ्चालनमा रहेको सो प्रतियोगितामा कुल ५६ टिमको सहभागिता रहेको थियो।

# अमेरिकामा हुने अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सवमा पोखराका कृष्णमणि बराल सहभागी हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



नेपालमा लाटोकोसेरो तथा हुचिल, गिद्धको संरक्षण तथा उपचारमा सहयोग गर्दै आउनु भएको पोखराका कृष्णमणि बराल अमेरीकामा हुने अन्तर्राष्ट्रिय लाटोकोसेरो महोत्सवमा सहभागि हुनु हुने भएको छ।

अमेरिकामा मार्च १ देखि ३ गतेसम्म हुने उक्त महोत्सवमा पोखराका बराल सहभागी हुनुहुने भएको हो। नेपालका लाटोकोसेरो तथा हुचिल सम्बन्धी डकुमेन्ट्री तथा फोटो प्रदर्शन गर्ने गरी गरी आफु छनौटमा परेकोमा उहाँले खुसी व्यक्त गर्नु भयो। नेपालमा संरक्षणका क्षेत्रमा भएका काम र संरक्षणमा चुनौती विषय समेटेर तयार पारिएको १० मिनेटको भिडियो र र फोटो समेत उक्त महोत्सवमा प्रर्दशनी हुने भएको उहाँले जनाउनु भयो। नेपालमा चरा लगायत वन्यजन्तु संरक्षणका लागि पछिल्लो समयमा भएका संरक्षण उत्सव, सचेतना कार्यक्रमले वन्यजन्तु संरक्षण गर्नु पर्छ भन्ने सन्देश गाउँ गाउँ सम्म पुगेको उहाँको बुझाई छ। वन्यजन्तुको चोरी निकासी खुलम खुला हुने क्रम केही रोकिएको पत्रकार समेत रहनु भएको बरालको भनाई छ। सहरमा भालु लिएर हिँडेर पैसा उठाउने क्रम रोकिएको धेरै भएको उहाँले स्मरण गर्नु भयो। चरा बिक्री गर्न हिँड्ने जस्ता काम पनि अहिले निकै कम भएको तथा सर्प टोकरीमा लिएर हिँड्ने र नचाउने क्रम पनि अहिले तोडिएको बरालले जनाउनु भयो। यसरी चरा बिक्री गर्नु गैह्कानुनी हो भन्ने सचेतना बढेकै कारण चरा लिएर हिँडेको देखेमा वन कार्यालयलाई खबर गर्ने क्रम सर्वसाधारणले गर्न थालेको उहाँले बताउनु भयो। घाइते चरा वन्यजन्तुको उद्धार गरेर संरक्षण कर्मी वा वन कार्यालयमा खबर गर्ने क्रम पनि बढेको उहाँले आफ्नो फेसवुक स्टाटसमा समेत उल्लेख गर्नु भएको छ। वन्यजन्तुको भित्र भित्र चोरी सिकारी, विदेश निर्यात हुने क्रम अझै पनि धेरै रहेको उहाँले दाबी गर्नु हुन्छ। नेपालमा १३ वर्ष देखि लाटोकोसेरो तथा हुचील संरक्षणका लागि नेपाल लाटोकोसेरो तथा हुचील उत्सव हुँदै आएको छ। ११ औं संस्करणको लाटोकोसेरो तथा हुचील संरक्षण उत्सवको सन्दर्भ पारेर नेपालमा संरक्षणका क्षेत्रमा भएका काम र संरक्षणमा चुनौती विषय समेटेर तयार पारिएको १० मिनेटको भिडियो र नेपालमा लाटोकोसेरो तथा हुचीलको उद्धार, उपचार र प्रकृतिमा पुर्न फकाउने गरी व्यवस्थापनमा चुनौती समेटेर तीन प्रजातिका लाटोकोसेरो उद्धारका फोटो प्रदर्शनी अमेरिकाको मिनोसोटा प्रदेशको मिनोपोलिस सहरमा गर्ने तयारीमा आफु रहेको उहँले जनाउनु भयो। उक्त फोटो प्रदर्शनीमा सहभागी हुनका लागि कार्यक्रम हुने मिनोपोलिस सहर नजिकै रहनु भएका र फुर्सद मिल्ने नेपाली दाजुभाइ, दिदी बहिनीलाई सहभागिताको लागि उहाँले आव्हान समेत गर्नु भएको छ। भिडियो बनाउन विशेष सहयोग गर्नु हुने साथी अशेष शाक्य, राम गुरुङ, दिपेन्द्र पहारी, मधु अधिकारी, प्रकृतिका साथीहरू संस्थाका निर्देशक राजु आचार्य प्रति बराललले आभार व्यक्त गर्दै भोलीका दिनमा पनि सहयोग र साथको अपेक्षा गर्नु भएको छ।

# तमु साँस्कृतिक प्रतिष्ठानको २३ औं वार्षिकोत्सब सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



उच्च शिक्षा हाम्रो लक्ष्य नारासहित क्रियाशिल तमु साँस्कृतिक प्रतिष्ठान नेपालको २३ औं वाषिर्कोत्सव तथा स्रष्टा सम्मान कार्यक्रम बुधबार पोखरामा सम्पन्न भएको छ।

गण्डकी प्रदेश सभा सदस्य एवम् पूर्व कृषि मन्त्री माननीय वेदबहादुर तमु (श्याम)को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा "स्व. पार्वता तमु स्मृति पत्रकारिता पुरस्कार" द्वारा वरिष्ठ पत्रकार, सामाजिक अभियन्ता, अधिकारकर्मी एवम् राजनीतिज्ञ कास्की आवाज राष्ट्रिय दैनिकका प्रधान सम्पादक हुम तमु, "स्व. घनबहादुर स्मृति पुरस्कार" लमजुङ, घाम्राङका साहित्यकार केयरसिं तमुलाई, "स्व. क्या. मिनबहादुर स्मृती पुरस्कार" कलाकार मनबहादुर तमु (माधव), "लालशोभा उत्कृष्ट आमा अवार्ड" चितवन, माडीका अनुपम तमुका आमा शान्तामाया तमु र "उच्च शिक्षा पुरस्कार" गोर्खा, सिरानचोकका ई. टकबहादुर तमुलाई सम्मान गरिएको थियो।

यसरी नै "खेलाडी सम्मान" द्वारा चीनको हाङजाउ शहरमा भएको १९ औं एसियन गेममा नेपाललाई रजत पदक हासिल गर्न सफल एरिका तमुलाई २५ हजार रुपैयासहित प्रतिष्ठानले सम्मान गरिएको थियो भने विभिन्न खेल संस्था, खेलाडीहरु र संघ संस्थाका अगुवाहरुको तर्फबाट नगद, सम्मानपत्रसहित सम्मान गरिएको थियो। कार्यक्रममा यू.के. निवासी प्रनिशा तमुले प्रतिष्ठानबाट छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थी फार्मेसीमा स्नातक तह अध्ययनरत स्नेह तमुलाई शैक्षिक सहयोगका लागि ल्यापटप हस्तान्तरण गरिएको थियो। ग्रामिण भेकका सामुदायिक विद्यालयमा अध्ययनरत नेपालका २५ जिल्लाका २५० भन्दा बढी विद्यार्थीहरुलाई विभिन्न अक्षयकोषदाता सहयोगीहरुको कोषबाट छात्रवृत्ति वितरण गरिरहेको प्रतिष्ठानलाई आगामी वर्षदेखि थप ९ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदानका लागि तमु धिं युके, तमु धिं बेल्जियम लगायत विभिन्न दाताहरुले ११ लाख २५ हजार रुपैया अक्षयकोष रकम हस्तान्तरण गरिएको थियो। कार्यक्रममा पोंचोंको तमु समाज, चिउली पार्चे तमु समाज, पैंयूखोला तमु समाज, प्रतिष्ठानका विद्यार्थी कलाकारहरु एवम् जोनिशा तमुको नृत्य प्रस्तुतिले थप मनोरञ्जन प्रदान गरेको थियो भने प्रतिष्ठानका नयाँ आजिवन सदस्यहरुलाई सदस्यता प्रदान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य एवम् पूर्व कृषि मन्त्री माननीय वेदबहादुर तमु (श्याम)ले शुभकामना व्यक्त गर्नुहुदै तमु साँस्कृतिक प्रतिष्ठान एक उत्कृष्ट संस्था रहेको क्रियाशिल रहेको बताउनुभयो। उहाँले राज्यले गर्न नसकेको कार्य तमु संस्कृतिक प्रतिष्ठानले गरेको र दक्ष युवा स्वदेशमै केही गर्ने युवाहरु निर्माण आजको आवश्यकता रहेको बताउनु भयो। प्रतिष्ठानका अध्यक्ष चित्र तमुको अध्यक्षतामा सप्पन्न उक्त कार्यक्रममा तमु धिं युकेका संस्थापक अध्यक्ष मिन प्रसाद गुरुङ, सम्मानित हुम बहादुर गुरुङ, एरिका गुरुङ आफ्नो मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष श्रीजंग गुरुङ र कार्यक्रम सञ्चालन सचिव कञ्चन गुरुङ, विद्यार्थी समितिका सचिव कविता तमु र सह-सचीव प्रज्वल तमुले कार्यक्रम सन्चालन गर्नुभएको थियो।

## विज्ञान ...

पनि साथ दिनुपर्ने बताउनुभयो। असफलताबाट सिक्दै अघि बढ्नुपर्ने र जीवनको मर्म नै त्यही भएको उहाँको भनाइ थियो।

आफ्नो जीवन भोगाइ, नोबेल पुरस्कारको यात्रा र सफलताका कथा सुनाउँदै रोबर्ट्सले विज्ञान तथा प्रविधि सम्मेलनमा नेपाल आउन पाएकामा प्रसन्नता व्यक्त गर्नुभयो। उहाँलाई सन् १९९३ मा चिकित्सातर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो। सम्मेलन आयोजक समितिका अध्यक्ष एवम् वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसका प्रमुख प्रा विनोदप्रसाद हेज्युको अध्यक्षतामा भएको उक्त कार्यक्रममा गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा डा नवराज देवकोटा, पोखरा विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा दीपकबहादुर भण्डारी र वन विज्ञान अध्ययन संस्थानका डीन प्रा डा वीरबहादुर खनाल क्षेत्री, उपप्राध्यापक पवित्रा झालगायतले सम्मेलनकोमहत्वबारेप्रकाशपार्नुभएको थियो। सम्मेलनमा देश विदेशका विभिन्न अनुसन्धानकर्तासहित दुई सय पचास जनाभन्दा बढीको सहभागिता छ। सम्मेलनको पहिलो दिन आजको प्राविधिक सत्रमा ५० वटा प्रस्तुति तथा २५ भन्दा बढी विषयगत पोष्टर प्रस्तुत गरिएका थिए।

# स्व.लक्ष्मी सुन्दरी कर्माचार्यको ४५ औं पून्य तिथीमा मृगौला पिडित सहयोग कोषको स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

स्वर्गीय लक्ष्मी सुन्दरी कर्माचार्यको ४५ औं पून्य तिथीमा मृगौला पिडित सहयोग कोषको स्थापना गरिएको छ।

कर्माचार्य समाज, कास्कीका अध्यक्ष, समाजसेवी तथा उद्योगपति चन्द्रकृष्ण कर्माचार्यका धर्मपत्नी, समाजका सदस्य, नेपाली काँग्रेस कास्कीका कोषाध्यक्ष माइकल कर्माचार्य एंव कर्माचार्य महिला समाजका अध्यक्ष रेखा कर्माचार्यका आमा लक्ष्मी सुन्दरी कर्माचार्यको मृगौला सम्बन्धी उपचारको क्रममा गत पौष २४ गते असामायिक निधन भएकोले विहिबार ४५ दिनको पून्यतिथीमा उहाँको परिवारजनले मृगौला पिडीतलाई सहयोग गर्ने उद्धेश्यले कोषको स्थापना गर्नु भएको छ।

कोषवाट प्राप्त रु १ लाख बार्षिक रुपमा कास्की जिल्लाको नागरिकता भएकी, जो मृगौला रोगवाट पिडित भई सरकारी अस्पताल वा स्वास्थ्य केन्द्रमा निःशुल्क डायलसिस गरेकी विपन्न वर्ग महिला एक जनालाई एकमुष्ट रकम सहयोग प्रदान गरिने भएको कर्माचार्य परिवारले जनाएको छ। यस वर्ष २०८० को सहयोग रकम आगामी जेठ २०८१, ६ महिनाको पुन्य तिथीमा प्रदान गर्ने दाता चन्द्रकृष्ण कर्माचार्यले बताउनु भयो। उक्त सहयोग कोष संचालन तथा कार्यान्वन गर्न कर्माचार्य समाज, कास्की तथा कर्माचार्य महिला समाज कास्कीलाई संयुक्त रुपमा जिम्मेवारी दिएको कर्माचार्य समाज कास्कीका सचिव ईश्वर प्रसाद कर्माचार्यले उल्लेख गर्नु भयो।

**वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु**

◆ १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
◆ वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
◆ आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
◆ अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
◆ ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
◆ सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
◆ नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
◆ सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
◆ विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
◆ विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
◆ श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
◆ पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

↳ पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
↳ महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
↳ सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
↳ मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# सवारी ज्ञानको आवश्यकता

दिनहुँ सवारीसाधन जुध्ने, पल्टने, सडकबाट खस्ने, मान्छेलाई किच्नेजस्ता कारणबाट मानिसको मृत्यु भएका घटना हुने गरेका छन् । यी र यस्ता घटनाले हामीलाई केही कुरा सिकाएको छ । हाम्रो देशमा सवारीसाधन दुर्घटनामा यति धेरै मृत्यु हुनुले हाम्रो तयारी, सरकारको बुझाइ, नियम-कानुन तथा सवारीचालकको मनस्थितिले भूमिका खेलेको कुरामा दुईमत छैन । यस्तो घटना प्रति सबै ध्यान जानु आजको आवश्यकता पनि रहेको छ ।

हाम्रा सवारीचालकहरूले दिने ट्राफिक सिग्नलमा समेत एकरूपता छैन । दायाँ जान्छु भन्न मात्र बाल्नुपर्ने दायाँ 'सिग्नल लाइट' ओभरटेक गर भनेर संकेत गर्न पनि बाल्ने, अर्कोतिरबाट आएको सवारीसाधनलाई साइडको संकेत गर्न पनि त्यही दायाँ साइड लाइट बाल्ने कार्यले धेरै दुर्घटना निम्त्याउँछ । साथै, सवारीसाधन चलाउँदा मादकपदार्थ सेवनमा शून्य सहनशीलता अपनाइए पनि गाँजा सेवन गर्ने चालकहरूलाई जाँच गर्ने गरिएको छैन, यो ठूला बस दुर्घटनाको प्रमुख कारण हुनसक्छन् ।

यस्तै, साना सवारीसाधनहरू धेरै गतिमा जाँदा सानो दुर्घटना हुँदा पनि ज्यान जाने जोखिम हुन्छ भन्ने साधारण ज्ञान समेत चालकहरूमा देखिँदैन । अरू सवारीसाधनलाई 'जाऊ' भन्न प्रयोग गरिने 'हेड लाइट ब्लिंक' हाम्रो देशमा 'म जान्छु, बाटो देऊ' भन्न प्रयोग गरिन्छ । अप्ठेरो अवस्थामा दुवैले 'हेडलाइट ब्लिंक' गरेर अघि बढ्न खोज्छन्, जसले दुर्घटना निम्त्याउँछ । संसारमा कहीँ पनि ब्लिंक गर्नुको अर्थ 'मलाई जान देऊ' भन्ने हुँदैन, बरु 'तिमी जाऊ मैले छोडेँ' भन्ने अर्थ लाग्छ ।

सहरी क्षेत्रमा लेन छुट्याउने सिधा लाइन वा डटेड लाइनको प्रयोगमा कसैले अनुशासन पालना गरेको देखिँदैन । सडकमा सिधा गइरहेको, मूल बाटोमा रहेको साधनलाई पहिले जान दिनुपर्छ भन्ने ज्ञान छैन, जसले अघि बढाउन सक्यो उसैले जान पाउनुपर्छ भन्ने जबर जस्तीले पनि धेरै दुर्घटना निम्त्याउँछ । सहरी क्षेत्रमा मात्र होइन, राजमार्गमा पनि सडक खराब हुँदा धेरै दुर्घटना भएका छन् । सहरी क्षेत्रमा बाटो खराब भएका कारणले धेरै सवारीसाधन आपसमा ठोक्किने, मानिसलाई धक्का दिनेजस्ता घटना निरन्तर भई नै रहेका छन् । राजमार्गमा बाटो बिग्रेको संकेत नराख्दा द्रुत गतिमा कुदेको सवारीसाधन एउटा सानो खाल्डोमा परे पनि ठूलो दुर्घटना हुनसक्छ । यसमा चालक र सडकमा नियम लागु गर्ने सरकारी निकायले यथोचित ध्यान नदिएको बुझिन्छ ।

सडक ज्ञानको कमीले गर्दा दुर्घटना बढिरहेका छन्, कतिपयले ज्यान गुमाएका छन् भने धेरै मानिस अंगभंग भएका छन् । त्यसैले सहजै भन्न सकिन्छ कि राज्यले सडक दुर्घटनामा कमी ल्याउन चालेका कदम प्रभावकारी भएनन् । यिनलाई प्रभावकारी बनाउने भनेको सवारीचालकलाई ट्राफिक नियमको जानकारी दिने, संयमित ढंगले सवारी चलाउने ज्ञान दिने र सडकको अवस्था ठिक राख्ने नै हो । सडक दुर्घटनामा मृत्यु हुनेमा बढी दुईपांग्रे सवारीसाधनमा चढ्नेहरू नै हुने देखिएको छ त्यसैले समयमै यस्ता विषयमा ध्यान दिएर निर्दोष नागरिकको ज्यान जोगाऔँ अनि सबै सचेत हुनु पनि आजको आवश्यकता रहेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वस्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सहस्राब्दी पदमार्गमा पूर्वाधार विकासका योजना छनोट गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

तनहुँको दुलेगौंडा हुँदै स्याङ्जाको रामबाछा जोडिने नेपालको एक मात्र मध्यपहाडी क्षेत्रको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा पूर्वाधार विकासका लागि योजना छनोटको तयारी गरिएको छ ।

पदमार्गको पूर्वाधार विकासका लागि चालु आर्थिक वर्षमा नेपाल पर्यटन बोर्डले रु ५० लाख विनियोजन गरेकामा मिलेनियम ट्रेक व्यवस्थापन समितिले पदमार्ग क्षेत्रका अत्यावश्यकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिने गरी स्थलगत अनुगमन गरेको हो ।

योजना छनोटका सन्दर्भमा यसअघि गत माघ २२ गते समितिले पदमार्ग क्षेत्रका जनप्रतिनिधि, घरबास सञ्चालक एवं सरोकारवाला निकायसँग छलफल गरेको थियो ।

योजना छनोटका लागि स्याङ्जातर्फ वालिङ नगरपालिका-३ बुढाकोट, वडा नं ४ एलादी क्यानोनिङ, बिरुवा गाउँपालिका-७ स्थित कुमेर्दुङ, वडा नं ८ स्थित भासिपोखरी, भिर्कोट नगरपालिका-२ स्थित केगा देउराली, वडा नं ३ स्थित कोखे झरनाको स्थलगत अवलोकन गरिसकिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका-११ स्थित गोकुल पार्क, एक्लेडाँडा, लामागाउँस्थित तमु सङ्ग्रहालय जानेबाटो तथा पार्कलगायत स्थानको पनि स्थलगत अनुगमन गरिएको बताउँदै उहाँले यीमध्ये अत्यावश्यकीय पूर्वाधार विकास गर्नुपर्ने स्थानमा योजना सञ्चालन गरिने जानकारी दिनुभयो ।

पर्यटन मन्त्रालयबाट पदमार्गका लागि प्राप्त रु २० लाख अन्तर्गत पुतलीबजार नगरपालिका-१२ स्थित गैरै स्वाँहाराबाट बानेथोक देउरालीसम्म बाटोका लागि रु १० लाख विनियोजन गरी काम सम्पन्न भएपछि समितिले स्थलगत अनुगमन गरेको महसचिव गुरुङले जानकारी दिनुभयो । मन्त्रालयबाट प्राप्त रकममध्ये १० लाख शुक्लागण्डकी नगरपालिका-१२ बाबियाडाँडा ठाँटीमा सिँढीबाटो निर्माण गरिएको उहाँले बताउनुभयो ।

पछिल्लो समयमा पदमार्गमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवं मिलेनियम भैंसेगौंडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो ।


## सार्वजनिक सूचना

बागलुङ जिल्ला भल्म-८ बस्ने देउकली थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. ६७३०, ६७३२ को क्षेत्रफल १०५.३१ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ९४४८ र उत्तर तर्फ कि. नं. २०११, १०४५ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## ट्रान्सक्रिप्ट हराएको सूचना

**म डिलु माया गुरुङको बास्तोलाथरबाट पृथ्वीचोक जाने क्रममा पोखरा विश्वविद्यालयको** Bachelor of Computer Engineering **को** Transcript **हराएको हुँदा भेट्टाउनु हुने महानुभावले तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name: Dilu Maya Gurung
P.U.Registration No: 200201050262
**ठेगनाः पोखरा–९, बास्तोला थर**
**सम्पर्क नं.: ९८५६०४८३१०**


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ राधाकृष्ण टोल जनसक्रिय बाटो ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः राधाकृष्ण टोल जनसक्रिय बाटो ढलान
ठेगानाः पोखरा-१४
योजना सम्झौता मितिः २०८०/०८/१९ गते
योजना शुरु मितिः २०८०/०८/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/२९ गते
योजना सम्पन्न भएको मितिः २०८०/१०/२१ गते
योजनाको कुल लागतः रु. २८, ५६,०००/-
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु. ८,५६,०००/-
अध्यक्षः राधादेवी गुरुङ
कोषाध्यक्षः चित्र बहादुर थापा सचिवः कृष्ण प्रसाद शर्मा
सदस्यः असिम थापा, कुमारी गुरुङ, सुरेन्द्र थापा
अनुगमान समितिः हरिकृष्ण कार्की, गोपाल सापकोटा, याम ब. गुरुङ

**राधाकृष्ण टोल जनसक्रिय बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-१४**

# कार्य सम्पादन मुल्याङ्कनमा भीरकोट पहिलो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० फागुन



आर्थिक वर्ष २०७९/०८० मा स्थानीय सरकारले गरेको कार्य सम्पादन मूल्यांकनमा जिल्लाका ११ पालिका मध्ये भीरकोट नगरपालिका जिल्लामा पहिलो भएको छ ।

कार्य सम्पादनलाई आधार बनाएर राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले गरेको मूल्यांकनमा भीरकोट पहिलो भएको हो । आयोगले गरेको कार्य सम्पादन मूल्यांकनमा भीरकोटले ४६ दशमलव २५ अंक प्राप्त गर्दै जिल्लामै पहिलो भएको छ । ५ नगर र ६ गाउँपालिका रहेको स्याङ्जामा कालिगण्डकी गाउँपालिका ४३ दशमलव ०२ अंक प्राप्त गर्दै दोस्रो बन्न सफल भएको छ । मूल्यांकनमा ४२ दशमलब ३२ अंक प्राप्त गर्दै फेदिखोला गाउँपालिका तेस्रो भएको छ भने वालिङ नगरपालिकाले ४१ दशमलब ४९ अंक प्राप्त गरि चौथो भएको छ । ४१ दशमलब ३७ अंक प्राप्त गरेको गल्याङ नगरपालिका जिल्लामा पाँचौ स्थानमा रहन सफल भएको आयोगले प्रकाशित गरेको प्रतिवेदनले देखाएको छ । आयोगले जारी गरेको प्रतिवेदनमा कार्य सम्पादनमा ३९ दशमलब ३३ अंक प्राप्त गरेको अर्जुनचौपारी गाउँपालिका छैटौं स्थानमा छ भने बिरुवा गाउँपालिकाले ३७ दशमलब ४० अंक प्राप्त गर्दै जिल्लाका पालिका मध्ये सातौं स्थानमा छ ।

जिल्ला सदरमुकामको नगरपालिका पुतलीबजार नगरपालिकाले ३५ दशमलब ४७ अंक प्राप्त गर्दै आठौं स्थानमा रहेको प्रतिवेदनमा उल्लेख छ । नबौं स्थानमा परेको आँधीखोला गाउँपालिकाले भने ३३ दशमलब ९५ प्रतिशत कार्य सम्पादन गर्न सफल भएको देखिन्छ । दशौं र एघारौं स्थानमा पर्दै कार्य सम्पादन गर्ने पालिकामा चापाकोट नगरपालिकाले २८ दशमलब ३२ र हरिनास गाउँपालिकाले २२ दशमलब ७३ अंक प्राप्त गर्न सफल भएका छन् ।

आयोगले १० असारभित्र बजेट ल्याए/नल्याएको, ३० असारभित्र बजेट पास गरे/नगरेको, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिक रुपमा दिए/नदिएको लगायतका आधारमा मूल्यांकन गरेको देखिन्छ । स्थानीय तहले आगामी आवको आय/व्ययको प्रक्षेपणसहितको अनुमानित विवरण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पठाए/नपठाएको, स्थानीय तहले बजेटको वार्षिक समिक्षा कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको जस्ता आधारमा अंक दिइएको आयोगले जनाएको छ । आन्तरिक राजस्व संकलनको अनुमानित लक्ष्य, आन्तरिक राजस्व संकलनको विवरण, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को प्रयोग लगायतका पक्षलाई हेरेर आयोगले मूल्यांकन गरेको बुझिन्छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र स्थानीयस्तरका विकासे योजनाको आवधिक योजना तर्जुमा गरे/नगरेको पनि आयोगले मूल्यांकन गरेको छ ।

विद्यालय भर्ना बालबालिकाको संख्या, टिकाउ दर, सामुदायिक विद्यालयबाट एसईईमा प्राप्ते ग्रेडिङ, गर्भ जाँच, प्रसूति संख्या, बालबालिकाको संख्या, पूर्ण खोप पाएका बालबालिकाको संख्या जस्ता १४ वटा सुचकमा आयोगले मुल्यांकन गरेको हो ।

# पोखरामा मगर कथानक चलचित्र 'माराङ' को प्रिमियर शो

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन




मगर कथानक चलचित्र 'माराङ'को पोखरामा प्रिमियर शो गरिएको छ । नेपाल मगर संघ कास्कीको समन्वयमा मगर कथानक चलचित्र 'माराङ' को प्रिमियर गरिएको हो ।

पोखरामा आज (बिहीबार) प्रिमियर शो गरिएको मगर कथानक चलचित्र 'माराङ'को प्रदर्शन बाराही हलमा फागुन २६ गते प्रदर्शन गर्ने निर्माता तुलबहादुर सारु मगरले बताए ।

'मगर कथानक चलचित्र माराङ हामीले देशको विभिन्न जिल्लामा प्रदर्शन गरिसकेका छौं', निर्माता सारु मगरले भने, 'भाषा र संस्कृतिकलाई मुख्य जोड दिएको माराङ पोखरामा फागुन २६ गते प्रदर्शन गर्दै छौं ।'

उनले माराङ चलचित्र फाइदाको लागि भन्दा पनि मगर समुदायको भाषा, संस्कृति संरक्षणको लागि निर्माण गरेको बताए । 'माराङ चलचित्र कुनै पनि फाइदाको लागि निर्माण गरेको होइन, मगर समुदायको भाष, संस्कृति र कलाको संरक्षणलाई मध्यनजर गर्दै निर्माण गरेका हौं ।' उनले भने ।

नेपाल मगर संघ कास्कीका अध्यक्ष रामबहादुर थापामगरले माराङ चलचित्र मगर भाषामा भएकाले यस भाषाको संरक्षणमा जोड दिएको उल्लेख गरे । 'पछिल्लो पुस्ताले मगर भाषा बुझ्दैन, बोल्न खोज्दैन, हाम्रो कला संस्कृति हराउँदै छ', थापामगरले भने, 'माराङ चलचित्र मगर भाषामा निर्माण भएको छ,यस चलचित्रले भाषा, संस्कृतिसँगै कलाको संरक्षणमा महत्वपूर्ण सहयोग पुर्‍याउँछ ।'मगर कथानक चलचित्र माराङमा रमेश बाबु थापामगर, सृजना मरासङ्गी मगर, टिका थापामगर, टेक रानामगर, गणेश घले, प्रेमकुमारी मगर, लक्ष्मी थापामगर र सञ्जोक लाफामगर लगायतको अभिनय रहेको छ ।


## शिक्षक आवश्यकता

यस विद्यालयको स्थायी दरबन्दी कोटामा रिक्त पदमा सट्टा (करार) शिक्षक नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/११/१० को चलानी नं. ५०४ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०५/०८०/०८१ | शिक्षक | मा.वि. | विज्ञान | तृतीय | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण वा सो सरह । |

**दरखास्त बुझाउने अन्तिम मितिः** करार सूचीमा सूचीकृत भएका उम्मेदवारहरुले फागुन १६ गते (एक हप्ता) कार्यालय समयभित्र निवेदन पेश गर्नुपर्नेछ । ततपश्चात मात्र २०८० फागुन २४ गते कार्यालय समयभित्र खुल्ला रुपमा योग्यता पुगेका सबै उम्मेदवारहरुले निवेदन पेश गर्न पाउनेछन् ।

**छनौटका आधारहरुः**
-लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
-परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
-**उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः** न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रहरुको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, मा.वि. तहको अध्यापन अनुमति पत्रको छाँयाप्रति अनिवार्य रुपमा पेश गर्नुपर्ने, समान तहको अनुभव भएमा सो को प्रमाणपत्रको छाँयाप्रति ।
-माथिल्लो तहको योग्यता भएका उम्मेदवारहरुलाई विशेष गाह्यता दिइनेछ ।
-दरखास्त दस्तुर रु. १५००।- तिरेको सक्कल रसिद ।

विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**

# पिसिएमको ग्राजुएसन समारोह सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



पोखरा कलेज अफ म्यानेजमेन्टबाट स्नातक तहमा दीक्षित विद्यार्थीहरुको ग्राजुएसन समारोह सम्पन्न भएको छ । समारोहमा बिबिए र बिसिआईएस विषय अध्ययनरत कलेजका ८३ जना विद्यार्थीहरुलाई कलेजले सम्मान गरेको थियो ।

समारोहलाई सम्बोधन गर्दै पोखरा विश्वविद्यालय व्यवस्थापन संकायका डिन डा. दयाराज ढकालले विद्यार्थीहरुलाई बधाईका साथै उज्जवल भविष्यको कामना गर्नुभयो । साथै डिन ढकालले धेरै ग्रेड प्राप्त गर्दैमा अत्यन्तै उत्साहित र थोरै ग्रेड प्राप्त गरेकोमा हतोत्साहित नहुन समेत विद्यार्थीहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा बोल्दै विशिष्ट अतिथि प्राध्यापक चन्द्रा भद्राले विद्यार्थीहरुको असली परीक्षा अब शुरु भएको विचार राख्नुभयो । कार्यक्रममा कलेजका तर्फबाट डिन लिस्टमा पर्न सफल कलेजका विद्यार्थीहरु मनिषा पोखेल, प्रविणा सुवेदी र पुजा राजभाटलाई कलेजले विशेष सम्मान गरेको थियो । कलेजले हालसम्म १७ ब्याच बिबिए र दुई ब्याच बिसिआईएस अध्ययनरत विद्यार्थीहरु उत्पादन गरिसकेको छ । कुल ११०० बढि विद्यार्थीहरु उत्पादन गरिसकेको कलेजले १०० बढि डिन लिस्ट र एक दर्जन उपकुलपति पदक र लक्ष्मी विद्या पदक प्राप्त गरिसकेको कलेजको प्राचार्य लिना नेगी श्रेष्ठले बताउनुभयो । कार्यक्रममा बिबिए कार्यक्रम संयोजक मनोज श्रेष्ठ, बिसिआईएस कार्यक्रम संयोजक हरि प्रसाद बराल, सम्मानित विद्यार्थीहरुको तर्फबाट मनिषा पोखेलले समेत आफ्नो भनाइ राख्नुभएको थियो । कलेजका व्यवस्थापन, दीक्षित विद्यार्थीहरुका अभिभावक, प्राध्यापक तथा कर्मचारीहरु समेत सहभागी कार्यक्रम कलेजका अध्यक्ष प्रा. डा. टंकनाथ शर्मा तिमिल्सिनाको सभाध्यक्षता तथा उप प्राध्यापक दीपेन्द्र पहारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# भुमिअधिकार तथा श्रमिक संगठन स्याङ्जा अध्यक्षमा वस्ताकोटी

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन



नेकपा एमाले निकट जनसंगठन भुमिअधिकार तथा श्रमिक संगठन जिल्ला कमिटि स्याङ्जाको भेलाले ज्ञानेश्वर वस्ताकोटीको अध्यक्षता १९ सदस्यीय तदर्थ कमिटि चयन भएको छ ।

कमिटिको उपाध्यक्षमा अर्जुन वराल, सचिवमा लिलबहादुर राना, कोषाध्यक्षमा दिलु थापा र सदस्यहरुमा हुम बहादुर के.सी., सुर्य अधिकारी, उदय बहादुर वि.क., दिर्घ नारायण तिवारी, केशवराज पौडेल, उजर बहादुर केसी, शिला पौडेल, शान्ति देवी राना चयन भएका छन् भने पछि ७ जना सदस्य थप गर्ने गरी कमिटि गठन गरियो । कार्यक्रममा नेकपा एमाले स्याङ्जा जिल्ला कमिटि अध्यक्ष सुर्य प्रसाद गैरे (पारस), संगठनका केन्द्रिय सचिव लक्ष्मी प्रसाद अधिकारी र गण्डकी प्रदेश अध्यक्ष प्रेमबहादुर गुरुङले वोलेका थिए ।

रामबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत लिलबहादुर रानाले र संचालन कृष्ण वस्ताकोटीले गरेका थिए ।

# सहस्राब्दी पदमार्गमा पूर्वाधार विकासका योजना छनोट गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० फागुन

तनहुँको दुलेगौंडा हुँदै स्याङ्जाको रामबाछा जोडिने नेपालको एक मात्र मध्यपहाडी क्षेत्रको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)मा पूर्वाधार विकासका लागि योजना छनोटको तयारी गरिएको छ ।

पदमार्गको पूर्वाधार विकासका लागि चालु आर्थिक वर्षमा नेपाल पर्यटन बोर्डले रु ५० लाख विनियोजन गरेकामा मिलेनियम ट्रेक व्यवस्थापन समितिले पदमार्ग क्षेत्रका अत्यावश्यकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिने गरी स्थलगत अनुगमन गरेको हो । योजना छनोटका सन्दर्भमा यसअघि गत माघ २२ गते समितिले पदमार्ग क्षेत्रका जनप्रतिनिधि, घरबास सञ्चालक एवं सरोकारवाला निकायसँग छलफल गरेको थियो । योजना छनोटका लागि स्याङ्जातर्फ वालिङ नगरपालिका-३ बुढाकोट, वडा नं ४ एलादी क्यानोनिङ, बिरुवा गाउँपालिका-७ स्थित कुमेर्दुङ, वडा नं ८ स्थित भासिपोखरी, भिर्कोट नगरपालिका-२ स्थित केगा देउराली, वडा नं ३ स्थित कोखे झरनाको स्थलगत अवलोकन गरिसकिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका-११ स्थित गोकुल पार्क, एक्लेडाँडा, लामागाउँस्थित तमु सङ्ग्रहालय जानेबाटो तथा पार्कलगायत स्थानको पनि स्थलगत अनुगमन गरिएको बताउँदै उहाँले यीमध्ये अत्यावश्यकीय पूर्वाधार विकास गर्नुपर्ने स्थानमा योजना सञ्चालन गरिने जानकारी दिनुभयो । पर्यटन मन्त्रालयबाट पदमार्गका लागि प्राप्त रु २० लाख अन्तर्गत पुतलीबजार नगरपालिका-१२ स्थित गैरे स्वाँहाराबाट बानेथोक देउरालीसम्म बाटोका लागि रु १० लाख विनियोजन गरी काम सम्पन्न भएपछि समितिले स्थलगत अनुगमन गरेको महसचिव गुरुङले जानकारी दिनुभयो । मन्त्रालयबाट प्राप्त रकममध्ये १० लाख शुक्लागण्डकी नगरपालिका-१२ बाबियाडाँडा ठाँटीमा सिँढीबाटो निर्माण गरिएको उहाँले बताउनुभयो । पछिल्लो समयमा पदमार्गमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवं मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो ।

# हल गोरु पाल्ने किसानलाई पाँच हजार अनुदान

**पोखरापत्र संवाददाता**
वालिङ, १० फागुन

स्याङ्जाको वालिङ-५ वडा कार्यालयले हल गोरु पाल्ने किसानलाई अनुदान दिने भएको छ । बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएकाले 'हल गोरु पालन प्रोत्साहन एवं प्रवर्द्धनामत्मक' कार्यक्रमअन्तर्गत किसानलाई रु पाँच हजार अनुदान उपलब्ध गराउने वडाअध्यक्ष छविलाल आलेले बताउनुभयो । हाते ट्र्याक्टर तथा प्रविधिको बढ्दो प्रयोगका कारण पुस्तौँदेखि चल्दै आएको हाम्रो परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि वडाले अभियानका रूपमा हल गोरु पाल्ने किसानलाई अनुदान दिने नीति अगाडि सारेको उहाँले बताउनुभयो ।

"नयाँ पुस्ता प्रविधितर्फ आकर्षित हुँदै गर्दा गोरुपालनका लागि वडाले बजेट विनियोजन गरेको छ," उहाँले भन्नुभयो, "हाम्रो परम्पराको संरक्षणका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं ।" वडा कार्यालयले आर्थिक वर्ष २०८०/८१ को वडास्तरीय स्वीकृत योजनाबाट वडाभित्रका हल गोरु पालेका किसानलाई अनुदान दिइने उहाँले बताउनुभयो । वडाभित्र अनुमानित ५०-७० हल गोरु हुनसक्ने अनुमान वडाको छ । "कृषि प्रयोजन तथा प्राङ्गारिक मलका लागि गोरु पाल्दै आउनुभएका किसानलाई गोरुको संरक्षण तथा प्रोत्साहनस्वरुप न्यूनतम रु पाँच हजार उपलब्ध गराउँछौं," उहाँले भन्नुभयो, "हल गोरुपालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन वडामा अनुदानका लागि निवेदन दिनुपर्नेछ ।" किसानले गोठमा हलगोरुसँग स्पष्ट देखिने गरी खिचेको तस्बिर, एकीकृत सम्पत्ति कर तिरेको रसिद, कृषि प्रयोजनका लागि एक महिनाअघि हलगोरुको व्यवस्था गरेको स्वघोषणा गरेको हुनुपर्ने वडासचिव डोलजङ्ग गुरुङले बताउनुभयो । वडा कार्यालयले किसानको गोठमा हल गोरुपालन गरे/नगरेको, स्थानीय टोलबासी तथा जनप्रतिनिधिको स्थलगत अनुगमनपछि मात्रै अनुदान दिइने सचिव गुरुङले बताउनुभयो ।

## कर्जा तिर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/११/११)**

यस माझथुम कृषि सहकारी संस्था लि., पोखरा-२४, कास्कीको तपशिल बमोजिम उल्लेखित ऋणीले कृषि कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा समेत नतिरी/नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नुभएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु/बुझाउनेपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना र ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखितको शर्तअनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा हक लाग्ने चल अचल सम्पत्तिबाट समेत जिल्ला अदालतमा मुद्दा चलाई चल र अचल सम्पत्ति बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणीलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| | |
|---|---|
| **ऋणीको नाम** | **: चित्रादेवी भट्टराई सुवेदी** |
| बुबा | : विन्दुप्रसाद भट्टराई |
| श्रीमान | : यज्ञप्रसाद सुवेदी |
| ससुरा | : मनीराम चुवाई (सुवेदी) |
| ठेगाना | : पोखरा -२४, कास्कीकोट खोरीयापानी (गुण्टेचौर), कास्की |



**माझथुम कृषि सहकारी संस्था लि.**
**पोखरा-२४, कास्की**

## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, स्याङजा जिल्ला

**मिर्दी जगत ओडारे सडक खण्ड अर्न्तगत आम्डाली क्षेत्रमा सडक चौडाइ गर्दा निस्केने ढुङ्गा, माटो, ग्राभेल उत्खनन परिमाणको लागि तोकेको दरमा बिक्री कार्य गर्ने गरी ठेक्का बन्दोबस्त गरी बिक्री वितरण कार्य गर्नको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८०/११/११ गते)**

१. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ तथा नगर कार्यपालिकाबाट स्वीकृत वातातरणीय परीक्षणको कार्यसूची बमोजीम मिर्दी जगत ओडारे सडक खण्ड अर्न्तगत आम्डाली क्षेत्रमा सडक चौडाइको लागि कटान कार्य गर्न गरी वालिङ नगरपालिकाले तोकेको दरमा विक्री वितरण कार्य गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७९/२०८० को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घन मिटर) | मु.अ. कर बाहेकको दर घ.मि. दर | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ठेक्का नं. ४/२०८० /२०८१ | मिर्दी जगत ओडारे सडक खण्ड अर्न्तगत आमडाली क्षेत्रमा सडक चौडाइको लागि कटान कार्य गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त कार्य | ६९०२८ घ.मि. | ३१७।५८ | ६०२८५२।० | ३०००।० |

**शर्तहरु**

२) यस कार्यालयको राजश्व खातामा नगदै तिरेको वा यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको आन्तरिक आय राजश्व खाता नं. ०८३०३००००१००१००००१ मा नगदै जम्मा गरेको बैंक वा राजश्व शाखाबाट रसिद काटिएको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३१ औं दिनको १२ वजेभित्र रकम जम्मा गरेको राजश्व शाखामा रकम जम्मा गरी रसिदवा /बैक भौंचर संलग्न राखी बोलपत्र यस कार्यालयबाट खरिद तथा दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं. Account no: 08303000003000000001 Account Name: GA3.1 WALING NA. PA. DHARAUTI KHATA मा जम्मा गरी सोको संकल बैक भौचर वा बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाम बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नु पर्नेछ ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन् र रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ वजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेका सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको २ वजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाधी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन् वोलपत्र स्वीकृत गर्ने जा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलेमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु. ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८१ साल असार १५ गते सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी -परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सोवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सर्न्दभमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अनय प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**८) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः**

| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समयः | बोलपत्र खोल्ने मिति र समयः |
|---|---|---|
| २०८०/१२/१२ गते<br>समय १२.०० बजेभित्र | २०८०/१२/१२ गते<br>समयः १२.०० बजेभित्र | २०८०/१२/१२ गते<br>समय २.०० बजे |